# नगरसभाबाट पारित आर्थिक वर्ष २०७५/७६

# को

## धनगढीमाई नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५

## धनगढीमाई नगरपालिका

धनगढी, सिरहा

२ न प्रदेश, नेपाल

१४ असार, २०७५

# धनगढीमाई नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**प्रमाणीकरण मिति :** २०७४/०३/२०

**<u>प्रस्तावनाः</u>** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम धनगढीमाई नगरपालिकाको सभाले यो ऐन बनाएको छ।

**१.<u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u>** :(१) यो ऐनको नाम **"धनगढीमाई नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५"** रहेको छ।

(२) यो ऐन धनगढीमाईनगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

**२. <u>परिभाषा</u>** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले धनगढीमाईनगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले धनगढीमाई नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाल धनगढीमाई नगरपालिकासम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको नगर सभा सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. <u>नियम बनाउने अधिकार</u>** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा नेपालको संविधान, संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

४.<u>**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:**</u>(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

५. यस ऐन बमोजिम बन्ने नियम, निर्देशिका, कार्यविधि र मापदण्ड नेपालको संविधान, संघीय र प्रदेश कानूनसंग बाजिएमा बाजिएको हद सम्म अमान्य हुनेछ ।